# एकिकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५




**चिचिला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चिचिला, संखुवासभा**

**१ नं. प्रदेश, नेपाल**

# एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५

**प्रस्तावनाः**

गाउँपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानूनद्वारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन बाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ ले गाउँपालिकालाई आफ्नो क्षेत्रभित्र एकीकृत सम्पत्ति कर लगाउन सक्ने गरी प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन र एकीकृत सम्पत्ति कर व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न,

चिचिला गाउँपालिकाको स्थानीय आर्थिक ऐन, २०७५ को दफा २ बमोजिम गाउँ सभाको मिति २०७५/०४/०७ गते बसेको अधिवेशन बैठकबाट यो एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद – १

## परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम तथा प्रारम्भः** यो कार्यविधिको नाम "एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५" रहेको छ र यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

ख) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिकालाई जनाउँछ ।

ग) "सभा" भन्नाले चिचिला गाउँपालिकको  गाउँ सभालाई जनाउँछ ।

घ) “कार्यपालिका” भन्नाले चिचिला गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ।

ङ) “एकीकृत सम्पत्ति कर” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ को उपदफा (१) बमोजिम चिचिला गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण घर र जग्गाको एकीकृत रुपमा हिसाव गरी लगाइने सम्पत्ति करलाई जनाउँछ।

च) “सम्पत्ति” भन्नाले कुनै व्यक्तिका नाममा गाउँपालिका क्षेत्रभित्र रहेको जग्गा र त्यस्तो जग्गामा बनेको संरचनालाई जनाउँछ।

छ) “संरचना” भन्नाले घर, टहरा, गोदाम, सेड, ग्यारेज, पर्खालजस्ता स्थायी निर्माणलाई जनाउँछ।

ज) “सामुदायिक संस्था” भन्नाले गाउँपालिका क्षेत्रभित्र गठन भई गाउँपालिकामा सूचीकृत भएको समुदायमा आधारित संगठित संस्थालाई जनाउँछ।

झ) “अध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई जनाउँछ।

ञ) “प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ।

ट) “मूल्यांकन समिति” भन्नाले एकीकृत सम्पत्ति कर प्रयोजनका लागि जग्गा तथा संरचनाको मूल्यांकन गर्न गाउँपालिकाद्वारा यस कार्यविधिको दफा (१२) बमोजिम गठित समितिलाई जनाउँछ।

ठ) “बिजक” भन्नाले करदातालाई जानकारी दिने उद्देश्यले गाउँपालिकाले तयार गरेको सम्पत्तिको मूल्यांकन र सोमा लाग्ने करसम्बन्धी बिजकलाई जनाउँछ।

चिचिला गाउँपालिका

ड) “करदाता” भन्नाले गाउँपालिका क्षेत्रभित्र जग्गा तथा संरचनाको स्वामित्व भएका व्यक्तिलाई जनाउँछ।

ढ) “स्वयं विवरण दाखिला” भन्नाले करदाता आफैंले आफ्नो सम्पत्तिको यथार्थ विवरण खोली निर्धारित ढाँचामा गाउँपालिकामा बुझाउने कार्यलाई जनाउँछ।

ण) “स्थलगत सर्वेक्षण” भन्नाले गाउँपालिकाद्वारा गठित कर्मचारीको टोली वा गाउँपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रूपमा छलफलसमेत गरी सूचना संकलन गर्ने कार्यलाई जनाउँछ।

त) “टोल विकास संगठन” भन्नाले समाज परिचालन प्रक्रिया मार्फत तोकिएको भौगोलिक क्षेत्रको टोल तथा समुदायको आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि एक परिवार एक सदस्यको अवधारणामा आधारित भई गठन र सञ्चालन भएको र गाउँपालिकामा सूचीकृत भएको स्थानीय स्तरको संघ, संस्था र समूहलाई जनाउँछ।

थ) “निजी क्षेत्र” भन्नाले स्वीकृति प्राप्त निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यावसायिक व्यक्ति वा संगठित समूहलाई जनाउँछ।

द) “सरोकारवाला” भन्नाले गाउँ कार्यपालिकाको निर्णयले प्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्ति वा संस्थालाई जनाउँछ।

ध) “सम्पत्ति धनी” भन्नाले गाउँपालिका क्षेत्रभित्र आफ्ना नाममा जग्गा तथा संरचना भएका व्यक्ति, सरकारी तथा अर्ध सरकारी निकाय वा संघसंस्थालाई जनाउँछ।

न) “कार्यालय” भन्नाले चिचिला गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँछ।

## परिच्छेद – २

## एकीकृत सम्पत्ति करको दर तथा सम्पत्ति मूल्याङ्कन

३. **एकीकृत सम्पत्ति करको दरः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने एकीकृत सम्पति करको दर अनुसूची – १ को ढाँचामा गाउँ सभाले स्वीकृत गरेको स्थानीय आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ । यस्तो कर आर्थिक बर्षको श्रावण १ गतेदेखि लागु हुनेछ ।

(२) उपदफा (१) बमोजिम कर लागु गर्दा आर्थिक बर्षको शुरु महिनाको शुरु दिन बाहेक अघि वा पछि हुने गरी लगाइने छैन ।

४. **एकीकृत सम्पत्ति मूल्याङ्कन प्रकृयाः** (१) दफा ३ बमोजिम कर लगाउने प्रयोजनको लागि गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गालाई आवश्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको एकीकृत सम्पत्तिको विवरणको लगत कायम गरी अनुसूची –२ को ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण तयार भएपछि एकीकृत सम्पत्तिको मूल्याङ्कनका लागि गाउँपालिकाले दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मूल्याङ्कन समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ ।

(४) मूल्याङ्कन समितिले एकीकृत सम्पति कर लगाउनयोग्य मूल्य निर्धारण गर्न सिफारिस गर्दा देहायका आधारमा गर्नेछः–

(क) एकीकृत सम्पत्ति कर लगाउनयोग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,

(ख) भौतिक संरचनाको मूल्य प्रचलित बजार भाउबाट कायम हुन आएको मूल्यमा ह्रासकट्टी गर्ने,

(ग) खण्ड (क) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि ह्रासकट्टी गर्दा संरचनाको बनोटको आधारमा प्रत्येक तीन वर्षमा छ प्रतिशतदेखि बीस प्रतिशतसम्म गर्ने,

(घ) जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्याङ्कन दर संरचनाको बनोट, त्यसको आर्थिक उपयोगको महत्वको आधारमा मूल्य निर्धारण गर्ने,

(ङ) भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने।

(५) उपदफा (४) बमोजिम एकीकृत सम्पत्तिको मूल्याङ्कन सिफारिस भइसकेपछि गाउँपालिकाले एकीकृत सम्पतिको मूल्याङ्कन दर अघिल्लो आर्थिक बर्षको असार महिनाभित्र निर्धारण गरि सक्नु पर्नेछ।

५. **कर असूली प्रकृयाः** (१) दफा (४) बमोजिम कायम गरिएको करयोग्य सम्पत्तिको मूल्याङ्कन र सो बमोजिम लागेको एकीकृत सम्पत्ति कर भुक्तानीको लागि गाउँपालिकाले सम्बन्धित करदाता समक्ष मंसिर महिनाभित्र बिजक पठाइ सक्नु पर्नेछ।

(२) उपदफा (२) बमोजिम प्राप्त बिल अनुसारको बुझाउनु पर्ने कर सम्बन्धित करदाताले सोही आर्थिक वर्षभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ।

६. **कर नलाग्नेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको सम्पत्तिमा एकीकृत सम्पत्ति कर लाग्ने छैनः–

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको भवन र जग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको जग्गा,

(घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा,

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा,

(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा।

(२) यस कार्यविधि बमोजिम एकीकृत सम्पत्ति कर लागेको सम्पत्तिमा भुमिकर (मालपोत) लगाइने छैन।

## परिच्छेद – ३

## एकीकृत सम्पत्तिको विवरण संकलन तथा अभिलेख सम्बन्धी व्यवस्था

७. **एकीकृत सम्पत्तिको विवरण संकलन विधिः** (१) गाउँपालिकाले एकीकृत सम्पत्ति कर लागू गर्ने प्रयोजनका लागि अघिल्लो आर्थिक वर्षदेखि नै करदाताका नाममा रहेको एकीकृत सम्पत्तिको विवरण संकलन कार्यको सुरुआत गर्नेछ।

(२) गाउँपालिकाले एकीकृत सम्पत्तिको विवरण संकलनका लागि गाउँपालिकाको आफ्नै स्रोत र प्रयासबाट गाउँपालिका क्षेत्रमा रहेका प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गरी एकीकृत सम्पत्तिको लगत तयारी तथा अद्यावधिक गर्न स्थलगत सर्वेक्षण विधि वा करदाता स्वयंले उपलब्ध गराएको विवरणका आधारमा प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गर्ने विधिमध्ये कुनै एक वा मिश्रित विधि प्रयोग गरी एकीकृत सम्पत्तिको लगत तयार गर्न सक्नेछ।

(३) गाउँपालिकाले करदाताहरूको सम्पत्तिको विवरण संकलन गर्नका लागि उपदफा (२) बमोजिम विधिको छनोट गरी सकेपछि सोको कार्यान्वयनका लागि कार्ययोजना सहितको परियोजना प्रस्ताव स्वीकृत गर्नुपर्नेछ।

(४) सम्पत्तिको विवरण संकलनका लागि परियोजना प्रस्ताव बमोजिमको कार्य गर्न मौजुदा जनशक्ति अपर्याप्त भई थप जनशक्तिको आवश्यकता परेमा त्यस्तो जनशक्ति प्रचलित कानुनबमोजिम करारमा नियुक्त गरी वा गुठी वा टोल विकास संगठन वा अन्य संगठित वा सामुदायिक संघसंस्थासँग सम्झौता गरी सेवा करारमा लिन सकिनेछ।

८ **स्वयं विवरण दाखिला सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले प्रत्येक तीन वर्षमा एकपटक गाउँपालिका क्षेत्रभित्रका सम्पत्ति धनीहरूलाई अनुसूची – ३ बमोजिमको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्ने सूचना आह्वान गर्नेछ। यस्तो सूचना प्रकाशन र प्रसारण गर्दा उपलब्ध सञ्चारका माध्यमहरूलाई प्रयोगमा ल्याउनु पर्नेछ।

(२) गाउँपालिकाले एकीकृत सम्पत्ति कर लागू गर्ने आर्थिक वर्ष सुरु हुनुअगावै उपदफा (१) बमोजिमको सूचना जारी गरी करदाताहरूबाट सम्पत्ति विवरण दाखिला गर्ने म्याद दिनु पर्नेछ।

(३) गाउँपालिकाले उपदफा (१) र (२) बमोजिमको सूचना जारी गर्दा पहिलोपटक करदाताहरूलाई विवरण दाखिला गर्न पैंतीस (३५) दिनको म्याद दिनेछ। उक्त म्यादभित्र विवरण दाखिला हुन नसकी म्याद बढाउन आवश्यक ठानेमा पटकपटक गरी बढीमा तीन महिनासम्म म्याद बढाउन सक्नेछ।

(४) गाउँपालिकाले उपदफा (३) बमोजिम सम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र अनुसूची ४ बमोजिमको फाराममा आ-आफ्नो जग्गा तथा संरचनाको सत्य तथ्य विवरण भरी गाउँपालिकामा पेश गर्नु सम्बन्धित सम्पत्ति धनीको कर्तव्य हुनेछ।

(५) सम्पत्ति धनीहरूलाई विवरण फाराम भर्न सहयोग गर्नका लागि गाउँपालिकाले आवश्यकता अनुसार स्थानीय संघसंस्था, सामुदायिक संस्था, टोल विकास संगठन तथा स्वयंसेवकहरूलाई परिचालन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमका संघ, संस्था, संगठन तथा स्वयंसेवकहरू परिचालन गर्दा एकीकृत सम्पत्ति करसम्बन्धी अभिमुखीकरण गर्नु पर्नेछ ।

(७) कुनै करदाताले सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गाको स्वामित्वमा परिवर्तन वा संरचना निर्माणका कारणले सम्पत्ति थपघट भएमा प्राप्त गर्नेले वा निर्माण गर्नेले सोको प्रमाण सहितको विवरण पैंतीस (३५) दिनभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(८) सम्पत्तिको विवरण सम्पत्ति धनी स्वयंले गाउँपालिकामा दाखिला गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम सम्पत्ति धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोलको परिवारका कानुन बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्ति धनीको वारेसनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् । परिवारका अन्य सदस्य नभएका नाबालक तथा अशक्तका हकमा वडा समितिको सिफारिश सहित निजको संरक्षकले सम्पत्ति विवरण बुझाउन सक्नेछ ।

(१०) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्ति धनीहरूले संयुक्त रूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछ ।

(११) कुनै करदाताले उपदफा (३) को समयावधिभित्र सम्पत्ति विवरण फाराम दाखिला नगरेमा वा झुट्टा विवरण दाखिला गरेमा गाउँपालिकाले दफा (१८) बमोजिम थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ ।

९. **सम्पत्तिको प्रमाण तथा विवरण संकलन सम्बन्धी व्यवस्थाः** (१) करदाताले जग्गाको विवरण दाखिला गर्दा क्षेत्रफल समेत खुलेको आफ्नो स्वामित्वको प्रमाण साथै पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पेस भएको प्रमाण आधिकारिक नभएमा त्यस्तो जग्गाको विवरण गाउँपालिकाले स्वीकार गर्ने छैन।

(३) करदाताहरूले विवरण दाखिला गर्दा देहाय बमोजिमका कागजातहरू समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

क) एकीकृत सम्पत्ति कर लागू हुनुभन्दा अघिल्लो आर्थिक वर्षसम्मको मालपोत वा भूमिकर तिरेको निस्सा वा गाउँपालिकाको प्रमाणित विवरण।

ख) जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल खुलेको प्रमाण कागजात।

ग) निर्माण सम्पन्न भएको वा घर भएको प्रमाण।

(४) दफा (६) बमोजिम एकीकृत सम्पत्ति कर नलाग्ने भनी तोकिएको सम्पत्तिमा प्रचलित कानुन बमोजिम एकीकृत सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनाको विवरण दाखिला गर्ने र एकीकृत सम्पत्ति कर बुझाउने दायित्व सम्बन्धित निर्माणकर्ताको हुनेछ।

(५) प्रचलित कानुन बमोजिम नक्सापास गरी निर्माण गर्नुपर्ने तर नक्सा पास नगरी निर्माण भएका संरचनाको सम्पत्ति विवरण बुझ्दा गाउँपालिकाले नक्सापास दस्तुरबापत लाग्ने रकमको अनुमान गरी सो को दुई गुना धरौटी लिई सम्पत्ति विवरण स्वीकार गर्न सक्नेछ । यस्ता संरचनाको हकमा करदाताले दिएको

विवरणलाई नै आधार मानी घरको आकार, प्रकार एवं निर्माण मिति कायम गरी सम्पत्तिको मुल्यांकन गरिने छ । यो ब्यवस्था भवन निर्माण सम्वन्धि मापदण्ड पालना नभई निर्माण भएका संरचनाहरुको हकमा पनि लागु हुनेछ ।

तर, यसरी स्वीकार गरिएको संरचनाको विवरणको कारणले यस्ता भवन नक्सा पास भएको वा मापदण्ड पुगेको मानिने छैन ।

(६) कर तिर्ने दायित्व भएका कुनै सम्पत्ति धनीको जग्गामा निजको मञ्जुरनामा लिई अर्को व्यक्तिले संरचना निर्माण गरेमा संरचना समेतको विवरण दाखिला गर्ने तथा कर बुझाउने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

(७) करदाताले भरेको विवरण तथा प्रमाण जाँच गरी दर्ता गर्न गाउँपालिकाले कर्मचारी वा टोली खटाउन सक्नेछ । यस्ता कर्मचारी वा टोलीले बुझ्न चाहेको सूचना वा माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित सम्पत्ति धनीको कर्तव्य हुनेछ ।

(८) गाउँपालिकामा एकीकृत सम्पत्ति कर विवरण दाखिला गरी सम्पत्ति कर बुझाएको सम्पत्ति गाउँपालिकामा दर्ता नभएको नयाँ व्यक्तीले खरिद गरेमा त्यस्तो व्यक्तिले ३५ दिन भित्र खरिद गरेको प्रमाण संलग्न गरी एकीकृत सम्पत्ति विवरण फाराम भरी गाउँपालिकामा बुझाउनु पर्नेछ । ढिलो गरी बुझाएमा तोकिए बमोजिमको थप शुल्क लिई गाउँपालिकाले विवरण बुझिलिन सक्नेछ ।

१०. **एकीकृत सम्पत्तिको अभिलेख सम्बन्धी व्यवस्था**: (१) गाउँपालिकाले वडागत रूपमा करदाताको लगत खडा गरी प्रत्येक सम्पत्ति धनीको सम्पत्तिको छुट्टाछुट्टै विवरण खुल्ने गरी अनुसूची – २ बमोजिमको ढाँचामा एकीकृत सम्पत्तिको अभिलेख राख्नु पर्नेछ ।

(२) एकीकृत सम्पत्ति विवरण अभिलेखलाई पुष्टी गर्ने कागजातहरु संकलन गरी व्यवस्थित रुपले फाइलिङ गरी अद्यावधिक राख्नु पर्दछ ।

(३) एकीकृत सम्पत्तिको लगत किताब कम्तीमा तीन वर्षका लागि हुने गरी तयार गर्नु पर्नेछ। यस्तो लगत किताबमा करदाताले दफा ८ को उपदफा (७) बमोजिम पेस गरेको विवरणका आधारमा अद्यावधिक गर्नु पर्नेछ।

(४) उपदफा (३) अनुसार सम्पत्ति विवरण अद्यावधिक गर्दा अनुसूची – ५ बमोजिमको दाखिला टिपोट भरी सोका आधारमा जग्गा दिनेको खाताबाट सम्पत्ति घटाई तथा जग्गा लिनेको खातामा सम्पत्ति बढाई अद्यावधिक गर्नु पर्नेछ।

(५) गाउँपालिकाले करदाताले पेस गरेका विवरणहरू स्थलगत निरीक्षण वा सम्बन्धित निकायबाट सूचना प्राप्त गरी अद्यावधिक गर्न सक्नेछ।

(६) गाउँपालिकाले एकीकृत सम्पति कर व्यवस्थापन गर्न कम्प्युटरीकृत प्रविधि प्रयोग गर्न सक्नेछ।

## परिच्छेद – ४

## एकीकृत सम्पत्तिको मूल्यांकन सम्बन्धी व्यवस्था

११. **सम्पत्तिको मूल्यांकन विधि:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै एक व्यक्तिका नाममा विभिन्न स्थानमा रहेका सम्पत्तिहरूलाई अलग अलग मूल्यांकन गरी एकीकृत गरिनेछ।

(२) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिलाई एक व्यक्तिसरह मानी सोहीबमोजिम करदाता कायम गरिनेछ। संयुक्त स्वामित्वको सम्पत्ति सोही व्यक्तिको अन्य सम्पतिमा जोडिने छैन।

(३) एकीकृत सम्पत्ति कर प्रयोजनका लागि गाउँपालिकाले गरेको मूल्यांकन तीन वर्षसम्म कायम रहनेछ।

(४) सम्पत्ति धनीले पहिलोपटक पेस गरेको सम्पत्ति विवरण थपघट भएमा वा दफा १३ को उपदफा (३) बमोजिम करदाताको सम्पत्तिको मूल्यांकन दर संशोधन भएमा त्यस्तो सम्पत्तिको पुनः मूल्यांकन गरिनेछ।

(५) प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेका दिन करदाताका नाममा कायम रहेको सम्पत्तिको मूल्यांकन गरी कर असुल गरिनेछ।

(६) सम्पत्तिको मूल्यांकन प्रयोजनको लागि जग्गाधनी प्रमाणपुर्जाका आधारमा जग्गाको स्वामित्व तथा क्षेत्रफल कायम गरिनेछ।

(७) दफा ९ को उपदफा (४) बमोजिम विबरण प्राप्त सम्पत्तिको मूल्यांकन गर्दा संरचनाको मात्र मूल्यांकन गरी एकीकृत सम्पत्ति कर असुल गरिनेछ।

(८) संरचनाको मूल्यांकन प्रयोजनका लागि संरचनाको प्रकार, बनोटको किसिम, आकार, प्रयोग तथा निर्माण मिति करदाताले पेस गरेको विवरण अनुसार कायम गरिनेछ।

तर, नक्सापास भएका संरचनाको हकमा नक्सापास प्रमाणपत्रलाई आधारका रूपमा लिन बाधा पुगेको मानिने छैन।

(९) एउटै जग्गा धनिको नाममा रहेका सिमाना जोडिएका कित्ताहरुको मूल्यांकन गर्दा त्यस्तो जग्गाहरुमध्ये कुनै कित्ताले सडक छोएको रहेछ भने सम्पुर्ण जग्गालाई एउटै प्लट मानी मूल्यांकन गरीनेछ।

तर, जग्गाको सडकले छोएको जग्गाको हद तोकिएको अवस्थामा सो हद भन्दा पछाडिको जग्गालाई सडकले छोएको कायम गरिने छैन।

(१०) गाउँपालिकाले संरचनाको मूल्यांकन गर्दा सिनेमा हल, ठूला उद्योग, कलकारखाना जस्ता संरचनाहरुको स्थलगत रुपमा नै नापजाँच गरी मूल्यांकन गर्न सक्नेछ।

१२ **मूल्यांकन समितिसम्बन्धी व्यवस्था**: (१) गाउँपालिकाले एकीकृत सम्पत्तिको मूल्यांकन आधार तयार गरी सिफारिस गर्न र मूल्यांकन सम्बन्धी समस्या समाधान गर्नका लागि रायसुझाव पेश गर्न देहाय बमोजिमको एकीकृत सम्पत्ति कर मूल्यांकन समिति गठन गर्नेछः–

| | | |
|---|---|---|
| १. | अध्यक्ष वा उपाध्यक्ष | संयोजक |
| २. | प्रतिनिधी, मालपोत कार्यालय वा कार्यपालिकाको सम्बन्धित शाखा | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | योजना शाखा | सदस्य |
| ५. | राजश्व शाखा | सदस्य सचिव |

(२) मूल्यांकन समितिको बैठक कम्तिमा महिनामा एकपटक बस्नु पर्नेछ। समितिको सदस्यले गाउँ कार्यपालिका सदस्यले पाए सरह बैठक भत्ता पाउनेछ।

(३) मूल्यांकन समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः–

क) गाउँपालिका क्षेत्रभित्रका जगाको क्षेत्र विभाजन गरी अनुसूची - ६ बमोजिमको ढाँचामा न्यूनतम मूल्यांकन दर सिफारिस गर्ने। यसरी मूल्यांकन सिफारिश गर्दा सडकले छोएको जग्गाको अधिकतम लम्वाईको सिमा समेत खोल्नु पर्नेछ।

ख) संरचनाका हकमा सोको बनोट, रहेको स्थान, प्रयोग र लाभलाई समेत विचार गरी अनुसूची – ७ बमोजिमको ढाँचामा मूल्यांकन दर सिफारिस गर्ने ।

ग) जग्गा तथा संरचनाको मूल्यांकन दर सिफारिस गर्ने प्रयोजनका लागि स्थलगत अध्ययन, छलफल तथा परामर्श गोष्ठीको आयोजना गर्ने । छलफल एवं परामर्शका लागि आवश्यकता अनुसार स्थानीय संघसंस्था तथा टोल विकास संगठनका प्रतिनिधिलाई समेत आमन्त्रण गर्ने ।

घ) सभाले स्वीकृत गरेको मूल्यांकनउपर कुनै करदातालाई चित्त नबुझी निवेदन दिएमा सोको जाँचबुझ गरी निर्णयका लागि गाउँपालिका समक्ष पेश गर्ने ।

ङ) मूल्यांकन सम्बन्धमा प्राप्त गुनासा तथा उजुरीहरूमा रायसहित निर्णयका लागि गाउँपालिका समक्ष सिफारिस सहित पेश गर्ने ।

च) एकीकृत सम्पत्ति कर व्यवस्थापनका लागि गाउँपालिकाले तोकिदिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

छ) मूल्यांकन समितिले सम्पत्ति मूल्यांकन गर्दा प्रचलित बजार मूल्यलाई आधार बनाउने ।

ज) करदाताले पेश गरेको जग्गाको मूल्यांकन अस्वभाविक रुपमा बढी पाइएमा छानविन गरी मूल्यांकन गर्ने ।

(४) मूल्यांकन समितिले रायसुझाव तथा सरसल्लाहका लागि आवश्यक ठानेका वडा अध्यक्ष तथा अन्य व्यक्तिलाई मूल्यांकन समितिको बैठकमा आमन्त्रण गर्न

सक्नेछ । यस्ता आमन्त्रित सदस्यले मूल्यांकन समितिका सदस्यले पाएसरह सुविधा पाउने छन् ।

१३. **करदाताको सम्पत्तिको मूल्यांकनः** (१) प्रत्येक करदाताको सम्पत्तिको मूल्यांकन अनुसूची – ८ बमोजिमको मूल्यांकन फारामको ढाँचामा प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले गर्नेछन् ।

तर, प्रमाणिक सफ्टवयर प्रयोग गरी सम्पत्तिको मूल्यांकन गर्न यसले बाधा पुर्याएको मानिने छैन ।

(२) जग्गाको मूल्यांकन गर्दा सामान्यतः करदाता स्वयंले पेश गरेको मूल्यांकन दरका आधारमा गरिनेछ ।

तर, करदाताले पेस गरेको मूल्यांकनको दर सभाले तोकेको न्यूनतम दरभन्दा कम भएमा सभाले तोकेको न्यूनतम मूल्यांकन दरअनुसार मूल्यांकन गरिनेछ ।

(३) करदाताले दाखिला गरेको मूल्यांकन दरमा सामान्यतया तीन वर्षसम्म कुनै पनि संशोधन गरिने छैन ।

तर, करदाताले आफ्नो सम्पत्तिको मूल्यांकनमा संशोधन गर्न चाहेमा निजको निवेदनका आधारमा कारण मनासिव भएमा गाउँपालिकाले तीन वर्षमा एकपटकसम्म मूल्यांकन दर संशोधन गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्यांकन दर संशोधन गर्दा सभाले स्वीकृत गरेको न्यूनतम मूल्यांकन हदभन्दा कम हुने गरी संशोधन गर्न सकिने छैन ।

(५) संरचनाको मूल्यांकन प्रयोजनका लागि ह्रास कट्टी गर्दा अनुसूची – ९ बमोजिमको दररेट अनुसार तीन वर्षका लागि एकैपटक गरिनेछ । यसरी हस कट्टी

गर्दा संरचनाको दश प्रतिशत मूल्यलाई शेष मूल्य कायम राखि नब्बे प्रतिशतसम्म ह्रास कट्टी गरिनेछ।

१४. **विवरण पेस नगर्ने करदाताको सम्पत्तिको मूल्यांकन सम्बन्धी व्यवस्थाः** (१) कुनै करदाताले आफ्नो सम्पत्तिको विवरण दाखिला नगरेमा गाउँपालिकाले त्यस्ता व्यक्तिलाई विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिन सक्नेछ। त्यस्तो आदेश वा सूचनाको जानकारी पत्रपत्रिका, इमेल वा फ्याक्समार्फत पनि जारी गर्न सकिनेछ । यस्तो आदेश पाएको वा सूचना जारी भएको मितिले बाटोको म्याद वाहेक तीस दिनभित्र आफ्नो सम्पत्तिको विवरण दाखिला गर्नुपर्ने दायित्व सम्बन्धित करदाताको हुनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्तिको विवरण दाखिला गर्न दिएको समयावधिभित्र सम्पत्तिको विवरण दाखिला नगरेमा प्रशासकीय अधिकृत वा तोकिएको कर्मचारीले स्थलगत रूपमा बुझी अनुमानित कर तोकी विवरण बुझाउन लिखित आदेश दिन सक्नेछ।

तर, मूल्यांकन समिति कार्यरत रहेको अवस्थामा भने यस बुँदा बमोजिमको कार्य मूल्यांकन समितिले गर्नेछ।

(३) उपदफा (२) बमोजिमको आदेश पाएको मितिले पैंतीस (३५) दिनभित्र यथार्थ विवरण पेश गरी जरिवानाका साथै कर रकम चुक्ता गर्ने दायित्व सम्बन्धित करदाताको हुने छ।

(४) उपदफा (२) बमोजिमको आदेश पाएको मितिभित्र पनि करदाताले विवरण बुझाई कर दाखिला नगरेमा गाउँपालिकाले निजको नाममा रहेको चलअचल सम्पत्ति रोक्का राखी सेवा बन्द गर्ने वा अन्य कुनै तरिकाले कर असुल गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम कर असुल गर्दा प्रशासकीय अधिकृतले लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धित करदाताबाट असुलउपर गर्न सक्नेछ । यस्तो खर्च निजले तिर्नुपर्ने कर रकमको दोब्बरभन्दा बढी हुनेछैन ।

(६) कुनै करदाताले बैंक वा वित्तीय संस्थामा धितोवापत राखेको सम्पत्तिको बैंकले एकीकृत सम्पत्ति कर चुक्ता गर्न चाहेमा बैंकको अनुरोधमा प्रशासकीय अधिकृतले त्यस्तो धितो जग्गाको मात्र मूल्यांकन गरी एकीकृत सम्पत्ति कर असूल गर्न सक्नेछ ।

## परिच्छेद – ५

## एकीकृत सम्पत्ति करको दररेट निर्धारण तथा बिलिङ सम्बन्धी व्यवस्था

१५. **एकीकृत सम्पत्ति करको दररेट तथा अन्य शुल्क निर्धारणः** (१) गाउँपालिकाको स्थानीय आर्थिक ऐन बमोजिम सभाले एकीकृत सम्पत्ति करको स्ल्याब तथा दर निर्धारण गर्ने छ ।

(२) गाउँपालिकाले सभाको निर्णय बमोजिम गाउँबासीहरूलाई फोहोरमैला व्यवस्थापन, सरसफाइ, सडकबत्ती, ढल निकास जस्ता आफूले उपलब्ध गराउने सेवासुविधाका निम्ति एकीकृत सम्पत्ति करको निश्चित प्रतिशत शुल्क वा दस्तुर थप गरी लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थप सेवासुविधाको निम्ति लगाइएको थप शुल्क वा दस्तुरबापत उठेको रकमको अलग हिसाब राखी सम्बन्धित सेवासुविधाका लागि मात्र खर्च गर्नु पर्नेछ । उक्त सेवा उपलब्ध गराएबापत अन्य कुनै तरिकाबाट वा अन्य कुनै निकायले पुनः शुल्क वा दस्तुर लिन पाउने छैन ।

१६. **कर बिलिङः** (१) सम्पत्तिको मूल्यांकन तथा कर निर्धारण भइसकेपछि अनुसूची – १० बमोजिम ढाँचामा एकीकृत सम्पत्ति करको बिजक तयार गरी करदातालाई उपलब्ध गराउनु पर्दछ ।

(२) एकीकृत सम्पत्ति कर बिजकको पहिलो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराई दोस्रो प्रति सम्बन्धित करदाताको फाइलमा राख्नु पर्नेछ।

(३) एकीकृत सम्पत्ति करको बिजक गाउँपालिकाले सम्बन्धित करदातालाई जानकारी गराउन पत्राचार, इमेल, एसएमएस आदिको माध्यमवाट करदाताहरूलाई दिन सकिनेछ।

(४) एकीकृत सम्पत्ति करको बिजक करदातालाई बुझाउन गाउँपालिकाले आपसी सम्झौताका आधारमा कुनै सामुदायिक संघसंस्था, टोल विकास संगठन वा निजी क्षेत्रलाई परिचालन गर्न सक्नेछ।

(५) गाउँपालिकाबाट एकीकृत सम्पत्ति करको बिजक तयार भइनसकेको अवस्थामा करदाताले कर बुझाउन चाहेमा तत्कालै बिजक तयार गरी असुल गर्नु पर्नेछ।

(६) गाउँपालिकाले जारी गरेको बिजक उपर कसैलाई चित्त नबुझेमा अनुसूची – ११ को ढाँचामा गाउँपालिका अध्यक्ष समक्ष उजुरी दिन सक्नेछन्। यसरी पर्न आएको निवेदन अध्यक्षले जाँचबुझ गर्न लगाई एक महिना भित्र निर्णयका लागि गाउँपालिकामा पेस गर्न लगाउनु पर्नेछ र गाउँपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।

## परिच्छेद – ६

## एकीकृत सम्पत्ति कर असुली सम्बन्धी व्यवस्था

१७. **एकीकृत सम्पत्ति कर असुली**: (१) गाउँपालिकाले एकीकृत सम्पत्ति कर संकलनका लागि गाउँपालिकाको राजस्व शाखा गठन गरी कार्य गर्नेछ। एकीकृत सम्पत्ति करसम्बन्धी सम्पूर्ण अभिलेखहरू उक्त शाखा को जिम्मामा रहनेछ।

(२) एकीकृत सम्पत्ति करको संकलन अनुसूची – १२ बमोजिमको नगदी रसिदबाट हुनेछ । नगदी रसिदको पहिलो प्रति सम्बन्धित करदाताको फाइलमा राखी दोस्रो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराउनु पर्नेछ ।

(३) एकीकृत सम्पत्ति कर असुली रकमको दैनिक विवरण अनुसूची अनुसूची – १३ बमोजिमको ढाँचामा तयार गरी सोको भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेछ । बैक भौचर र विवरण आर्थिक प्रशासन शाखामा बुझाउनु सम्बन्धित शाखा को कर्तव्य हुनेछ ।

(४) दफा ६ को उपदफा (१) बमोजिम एकीकृत सम्पत्ति कर नलाग्ने भनी तोकिएका सम्पत्तिका हकमा गाउँपालिकाले सम्पत्तिको मूल्यांकन गरी कर नलाग्ने व्यहोरा जनाई नगदी रसिद उपलब्ध गराउनु पर्नेछ ।

तर, दफा १५ को उपदफा (४) बमोजिम लगाइएको सेवाशुल्क तथा दस्तुर बुझाउनु सम्बन्धित सेवाग्राहीको कर्तव्य हुनेछ ।

(५) करदाताहरूले गाउँपालिकामा सम्पत्तिको विवरण दाखिला नगरेको वा गाउँपालिकाले सम्पत्ति पहिचान गर्न नसकेका कारणले कुनै करदाता कर तिर्ने दायित्वबाट मुक्त हुने छैनन् ।

(६) गाउँपालिकाले आर्थिक वर्षको श्रावण १ गतेबाट एकीकृत सम्पत्ति कर बुझिलिन नसक्ने अवस्था उत्पन्न भई केही दिन ढीला हुन गएमा निश्चित अवधिसम्मका लागि एकीकृत सम्पत्ति कर धरौटी लिई फुकुवापत्र दिन सकिनेछ ।

(७) करदाताले अग्रीम रुपमा एकीकृत सम्पत्ति कर बुझाउन चाहेमा गाउँपालिकाले लाग्ने करको अनुमान गरी अग्रीम रुपमा रकम बुझ्न सक्नेछ । गाउँपालिकाले

यसरी बुझेको रकमलाई धरौटीको रुपमा राखि प्रत्येक बर्ष कर रकममा मिलान गर्नेछ।

(८) करदाताले वक्यौता रकममध्ये केही रकम वुझाउन चाहेमा गाउँपालिकाले अधिल्ला वर्षहरुको क्रमशः रकम बुझिलिन सक्नेछ।

तर यसरी वक्यौता असुल गर्दा अधिल्लो वर्षको बाँकी राखि चालु आर्थिक वर्षको कर रकम बुझ्न पाइने छैन। बुझेको पाईएमा गाउँपालिकालाई भएको नोक्सानी सम्बन्धित कर्मचारीवाट असुल उपर गरिनेछ।

## परिच्छेद – ७

## पुरस्कार, मिनाहा तथा दण्ड जरिबाना सम्बन्धी व्यवस्था

१८. **विवरण दाखिला नगरेमा जरिबाना हुनेः** (१) गाउँपालिकाले सम्पत्ति विवरण दाखिला गर्न तोकेको म्यादभित्र दाखिला नगरेमा अनुसूची – १४ बमोजिम थप शुल्क लिई सम्पत्तिको विवरण बुझि लिनेछ।

(२) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनः मूल्यांकन गरी जरिबाना सहितको कर रकम असुल उपर गरिनेछ। यस्तो जरिबाना लुकाएको सम्पत्तिमा नियमानुसार लाग्ने कर रकमको प्रति वर्ष ५० प्रतिशतले हुन आउने रकम बराबर हुनेछ।

(३) सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्वन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झुट्टा

विवरण दाखिला गरेको मानी उपदफा (२) बमोजिम पुनः कर निर्धारण गरी सोही बमोजिम जरिबानासमेत असुलउपर गरिनेछ ।

(४) कुनै सम्पत्ति धनीले झुट्टा विवरण दाखिला गरेको भनी गाउँपालिकामा उजुरी प्राप्त भएमा सो उजुरीउपर ३५ दिनभित्र जाँचबुझ गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको उजुरी सही ठहरिएमा उजुरी दिने व्यक्ति, संगठन वा संस्थालाई जरिबानाको ५० प्रतिशत पुरस्कार दिई सोको अभिलेख गोप्य राखिनेछ ।

१९. **कर छूट तथा जरिबानासम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रभित्रका सम्पत्ति धनीले प्रत्येक वर्षको एकीकृत सम्पत्ति कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा बुझाउनुपर्ने एकीकृत सम्पत्ति कर सोही आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा दश प्रतिशत छूट दिइनेछ ।

(३) बक्यौता कर भुक्तानी गर्दा देहाय अनुसार जरिबाना लाग्नेछः

क) एक वर्षको बक्यौतामा सोको पन्ध्र प्रतिशतले हुन आउने रकम ।

ख) एक वर्षभन्दा बढीको बक्यौतामा प्रतिवर्ष बिस प्रतिशतले हुन आउने रकम ।

(४) पाँच वर्षसम्म एकीकृत सम्पत्ति कर भुक्तानी नगर्ने करदाताका नाममा रहेको घरजग्गा रजिस्ट्रेशन रोक्का राख्ने कारबाही गरिनेछ ।

(५) घरजग्गा रोक्का राखेको दस वर्षसम्म पनि करदाताले कर चुक्ता नगरेमा सम्बन्धित करदाताको सम्पत्ति प्रचलित कानुनबमोजिम लिलामबिक्री गरी कर तथा जरिबाना असुलउपर गर्न सकिनेछ ।

(६) पाँच वर्षभन्दा बढी समयको एकीकृत सम्पत्ति कर बक्यौता राख्ने करदातालाई गाउँपालिकाले उपलब्ध गराउँदै आएको आकस्मिक बाहेकका अन्य सेवा र सुविधा रोक्का राख्न सक्नेछ।

(७) राजस्व शाखाबाट एककि‍ृत सम्पत्ति कर समेतका कर चुक्ता भएको प्रमाण पेस नगरेसम्म गाउँपालिकाबाट नयाँ सेवा तथा सुविधाहरू उपलब्ध गराइने छैन।

(८) यो कायविधि बमोजिम निर्धारण भएका कर तथा जरिबाना गाउँपालिकाको कुनै पनि निर्णयबाट छूट वा मिनाहा दिन पाइने छैन । यो दफा विपरीत गाउँपालिकाको कुनै समिति, पदाधिकारी वा कर्मचारीले मिनाहा दिएको खण्डमा मिनाहा दिएको रकम मिन्हा दिने पदाधिकारीबाट असुल उपर गरिनेछ।

तर, कुनै करदाताको सम्पत्ति भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा प्राप्त निवेदनका आधारमा जाँचबुझ गरी प्रमाणित भएमा क्षति बराबरको सम्पत्तिमा लाग्ने कर गाउँ कार्यपालिकाले मापदण्ड बनाई मिन्हा दिन सक्नेछ। यसरी मिन्हा दिएको विबरण सात दिनभित्र सार्वजनिक गर्नु पर्नेछ।

(९) एकीकृत सम्पत्ति कर चुक्ता भइसकेको कुनै सम्पत्तिमा सोही आर्थिक वर्षमा पुनः कर लाग्ने छैन।

(१०) एकीकृत सम्पत्ति कर लागु हुनुपूर्व उक्त सम्पत्तिमा लाग्ने भुमिकर, मालपोत तथा घरजग्गा कर बुझाउने दायित्व सम्बन्धित करदाताको हुनेछ।

(११) एकीकृत सम्पत्ति कर लागू हुनुभन्दा अघिका आर्थिक वर्षको स्थानीय तहले निर्धारण गरेको भुमिकर, मालपोत घरजग्गा कर चुक्ता नभएसम्म गाउँपालिकाले एकीकृत सम्पत्ति कर बुझिलिने छैन।

(१२) कृषि योग्य जमिनहरुलाई कृषिमा प्रयोग नल्याई बाँझो राखेमा त्यस्ता करदातालाई आर्थिक ऐन अनुसार थप शुल्क लिन सक्नेछ।

## परिच्छेद– ८

## विविध

२०. **परामर्शदाता नियुक्त गर्नसक्नेः** एकीकृत सम्पत्ति करको मूल्यांकन गरी बिजक तयार गर्ने काम मौजुदा कर्मचारीबाट निर्धारित समयमा सम्पन्न गर्न नसकिने भएमा गाउँपालिकाले समय, लागत र कार्य क्षेत्र तोकी छोटो अवधिका लागि परामर्शदाता नियुक्त गरी कार्य गर्न सक्नेछ।

२१. **कर्मचारीलाई अतिरिक्त समय कार्य गराए बापत सुविधा दिनसक्नेः** (१) एकीकृत सम्पत्ति करको मूल्यांकन गरी बिजक तयार गर्ने काम निर्धारित समयमा कार्यालय समयभित्र सम्पन्न गर्न मौजुदा कर्मचारीलाई अतिरिक्त समय कार्य गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम काम गरेबापत कर्मचारीहरुलाई प्रति एकाई कार्यको निमित्त गाउँपालिकाले तोकेको दरले थप सुविधा दिन वा तलवमा थप अतिरिक्त भत्ता दिन सकिनेछ।

२२. **कागजातको गोप्यताः** (१) एकीकृत सम्पत्ति कर प्रयोजनका लागि करदाताबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ।

(२) उपदफा (१) बमोजिमको कागजात तथा अभिलेख गाउँपालिकाको प्रयोजन बाहेक अन्य कार्यमा प्रमाण लाग्ने छैन।

तर, कुनै सरकारी निकायबाट सो सम्बन्धी जानकारी माग भई आएमा प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ।

२३. **खाता तथा फारामः** एकीकृत सम्पत्ति करको प्रयोजनका लागि गाउँपालिकाले आवश्यक खाता तथा फारामको विकास गरी लागू गर्न सक्नेछ।

२४. **सम्पत्ति मूल्यांकन सिफारिश तथा घरवाटो प्रमाणितको आधार**: एकीकृत सम्पत्ति करका लागि करदाताले गाउँपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणका आधारमा गाउँपालिकाले सम्पत्तिको मूल्यांकन सिफारिस तथा घरबाटो प्रमाणित गर्न सक्नेछ।

२५. **सहयोग लिनसक्ने**: गाउँपालिकाले जग्गा तथा संरचनाको लगत अद्यावधिक गर्ने प्रयोजनका लागि जग्गाको नापी गराउने, जग्गा खरिद विक्रिको सूचना प्राप्त गर्ने, जग्गाको मूल्यांकन दर कायम गर्ने जस्ता कार्यमा जिल्ला स्थित कार्यालयहरुको सहयोग प्राप्त गर्न सक्नेछ।

२६. **सम्मान गर्ने**: गाउँपालिकाले हरेक बर्ष सभाबाट सबैभन्दा बढी कर तिर्ने, समयमा नै कर बुझाउने, करदातालाई कर तिर्न प्रोत्साहन गर्ने र एकीकृत सम्पत्ति कर असुलीमा सहयोग पुऱ्याउने करदातामध्येबाट उत्कृष्ट करदाता छनौट गरी सम्मान गर्न सक्नेछ।

२७. **विवरण सार्वजनिक गर्नुपर्ने**: गाउँपालिकाले मासिक रूपमा असुल भएको एकीकृत सम्पत्ति कर र वार्षिक रूपमा उठेको एकीकृत सम्पत्ति कर तथा सो सम्बन्धमा भएका क्रियाकलापको समिक्षा सहितको वार्षिक प्रतिबेदन सार्वजनिक गर्नु पर्नेछ।

२८. **अभिमुखीकरण कार्यक्रम**: एकीकृत सम्पत्ति कर लागू गर्नुपूर्व गाउँपालिकाबाट पदाधिकारी, कर्मचारी तथा सरोकारवालालाई जानकारी गराउन तथा राय सुझाव संकलन गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न र यस्तो कर लागु गरेकाको अध्ययन भ्रमण गर्न सकिनेछ।

३०. **अधिकार प्रत्यायोजन**: यो कार्यविधि बमोजिम  प्रशासकीय अधिकृतले आफुलाई प्राप्त अधिकार मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३१. **कार्यविधीको व्याख्या**: यो कार्यविधिको अन्तिम व्याख्या कार्यपालिका वा कार्यपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ।

३२. **कार्यविधी संशोधनः** यो कार्यविधिका प्रावधानहरूमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ।

३३. **बाधा अड्काउ फुकाउः** स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ। विशेष अवस्था परी सम्पत्ति मूल्यांकन गरिएको तीन वर्ष पछि पुनः सम्पत्ति मूल्यांकन गर्न नसक्ने अवस्था आएमा सभाले अघिल्लो मूल्यांकनलाई आधार मानी एकीकृत सम्पत्ति कर असुल गर्ने व्यवस्था गर्न सक्नेछ।

चिचिला गाउँपालिका

## अनुसूची– १
## (दफा ३ सँग सम्बन्धित)
## एकीकृत सम्पत्ति करको दर

| करयोग्य एकीकृत सम्पत्तिको मूल्य (रु.मा) (मूल्याङ्कन) | बार्षिक दर प्रति लाख (रु.मा) | अधिकतम कर रकम (रु.) | अधिकतम सञ्चित (Cumulative) कर (रु.) | कैफियत |
|---|---|---|---|---|
| पाँच लाख रुपैयाँसम्म | १०० | ५०० | ५०० | |
| ५००००१ देखि पचास लाख रुपैयाँसम्म | १० | ४५० | ९५० | |
| ५०००००१ देखि एक करोड रुपैयाँसम्म | १५ | ७५० | १७०० | |
| १०००००००१ देखि पाँच करोड रुपैयाँसम्म | २० | ८००० | ९७०० | |
| ५०००००००१ देखि पच्चिस करोड रुपैयाँसम्म | २५ | ५०००० | ५९७०० | |
| २५००००००००१ देखि पचास करोड रुपैयाँसम्म | ३० | ७५०००० | १३४७०० | |
| ५००००००००१ देखि एक अर्ब रुपैयाँसम्म | ३५ | १७५००० | ३०९७०० | |
| एक अर्ब भन्दा माथि | ४० | | | |

नोटः मुल्यांकन रकमलाई रु लाखमा (**round figure**) मा परिणत गरी करको दर निर्धारण हुनेछ।

अनुसूची– २

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

चिचिला गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, चिचिला

**एकीकृत सम्पत्तिको विवरण**

**वडा नं. ...**

| क्र.स. | जग्गा घरधनीको नाम | पेशा | ठेगाना | | जग्गाको विवरण | | भौतिक संरचनाको किसिम र विवरण | | | भौतिक संरचना बनेको मिति | भौतिक संरचनाको | | | | भौतिक संरचनाको प्रयोग | | | | प्रयोगकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बाटोको नाम | घर नं. | कि.नं. | क्षेत्रफल | भवन | गोदाम, सेड | अन्य | | लम्बाइ फिट | चौडाइ फिट | फिट | तला सङ्ख्या | आवास | व्यापार | औद्योगिक | संस्थागत | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

संलग्न कागजातहरु:

तयार गर्नेको सही

प्रमाणित गर्नेको सही

चिचिला गाउँपालिका

अनुसूची ३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

चिचिला गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा

**एकीकृत सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरूलाई अत्यन्त जरुरी सूचना**

यस चिचिला गाउँपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस गाउँपालिकाको स्थानीय आर्थिक ऐन, २०७५ बमोजिम आ.व. २०७५/०७६ देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले गाउँपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी गाउँपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम चिचिला गाउँ कार्यपालिकाको कार्यालयबाट यही .......... गतेदेखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी आगामी ............... गतेभित्र गाउँ कार्यपालिकाको कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । गाउँपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ–आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. २०७४/०७५ सम्मको मालपोत र भूमिकर  चुक्ता गर्नु पर्नेछ। एकीकृत सम्पति कर तिरेपछि सो घर र जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ।

अनुसूची ४

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

चिचिला गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा

**एकीकृत सम्पत्ति विवरण दाखिला फाराम**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चिचिला गाउँ कार्यपालिकाको कार्यालय,
चिचिला, संखुवासभा ।

महोदय,

यस गाउँपालिकाको मिति २०....... गते प्रकाशित सूचना अनुसार मैले/हामीले एकीकृत सम्पत्ति कर मूल्यांकनका लागि तपसिलमा लेखिए बमोजिमको सम्पत्तिको विवरण दाखिला गरेको छु/छौं । यस बमोजिम गाउँपालिकाले एकीकृत सम्पत्ति कर निर्धारण गरिदिएमा मेरो/ हाम्रो मञ्जुर छ । तपसिलमा उल्लेखित विवरणहरू झूट्टा ठहरे गाउँपालिकाको निर्णय तथा कानुन बमोजिम दण्ड सजाय सहुँला बुझाउँला ।

क) सम्पत्ति धनीको विवरण

**१. जग्गा र घरधनीको नाम र थरः**

**२. बाबु र पतिको नाम र थरः**

**३. बाजे र ससुराको नाम र थरः**

**४. पेशा र व्यवसायः**

**५. घर जग्गाधनी बसोबास गर्ने**

न.पा. र गा.पा. **:**

वडा नं.**:** टोल, बस्ती र घर नं. **:**

टेलिफोन नं. **:**

ख) विवरण दाखिला गर्ने व्यक्तिको विवरण

नाम र थरः

ठेगानाः

जग्गा र घरधनीको नाताः

मितिः

दस्तखतः

इमेलः

**६. सम्पत्ति धनीको पारिवारिक विवरणः**

| क्र. सं. | परिवारका सदस्यहरूको नाम | सम्पत्ति धनीको नाता | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

ग) सम्पत्तिको विवरणः

१. जग्गाको विवरणः

| जग्गाको विवरण | | | | जग्गा रहेको स्थान | जग्गा जोडिएको मुख्य सडक (सडकको नाम र सडकको प्रकार) | क्षेत्र (कार्यालयले भर्ने) | जग्गाको प्रयोग | जग्गाको चलनचल्तीको मूल्य (प्रति) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| कि.नं. | साविक (गाविस र वडा) | हालको वडा नं. | क्षेत्रफल | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

२. भौतिक संरचनाको विवरणः

| संरचना रहेको कि.नं. | संरचनाको प्रकार (घर/गोदाम/टहरा/पर्खाल) | संरचनाको | | | | | भौतिक संरचनाको विवरण | | प्रयोगकर्ता (स्वयं/भाडा) | कैफियत (घर नं. आदि खुलाउने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तला | लम्बाई | चौडाई | क्षेत्रफल (वर्गफुट वा रनिङ फिट) | बनेको मिति | संरचनाको बनोटको किसिम (बनोट र छाना खुलाउने) | संरचनाको प्रयोग (व्या/औ/स/घ) | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

घ. कार्यालयले भर्नेः

१) करदातावाट चुक्ता गर्नुपर्ने घरजग्गा कर, मालपोत वा भूमिकर, धरधुरी कर रसिदको प्रतिलिपि पेस नभएकोमा गाउँपालिकाबाट भएको प्रमाणितः

| कर शीर्षक | प्रमाणित विवरण | प्रमाणित गर्नेको दस्तखत र मिति |
|---|---|---|
| मालपोत वा भूमिकर | | |
| घरधुरी कर | | |
| घरजग्गा कर (नलाग्ने वा चुक्ता) | | |

२) नक्सापास गरी बनाएको संरचनाको हकमा गाउँपालिकाको प्राविधिकबाट भएको प्रमाणितः

| संरचनाको विवरण | संरचना बनेको मिति | वर्गफिट वा रनिङफिट | प्रमाणित गर्नेको नाम र दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

३) यस विवरणसाथ संलग्न कागजातहरू।

क) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपिः छ र छैन।

ख) कर बुझाएको रसिदको प्रतिलिपिः छ र  छैन।

ग) सम्पत्ति धनी उपस्थित हुन नसकेमा निजले दिएको मञ्जुरीनामाः छ र  छैन।

घ) अन्यकागजातहरूः

गाउँपालिकाले सम्पत्ति विवरण दाखिला सम्बन्धमा गरेका मुख्य व्यवस्थाहरूः

क) गाउँपालिकाले एकीकृत सम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र यस फाराम अनुसार आ-आफ्नो जग्गा तथा संरचनाको सत्यतथ्य विवरण भरी गाउँपालिकामा दाखिला गर्नु पर्नेछ।

ख) सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गा खरिदबिक्री वा संरचना निर्माणको कारणले सम्पत्ति थपघट भएमा सोको प्रमाणसहितको विवरण पैंतीस (३५) दिनभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ।

ग) गाउँपालिकाले तोकेको समयावधिभित्र सम्पत्ति विवरण फाराम दाखिला नगरेमा गाउँपालिकाले थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ।

घ) सम्पत्तिको विवरण सम्पत्तिधनी स्वयंले गाउँपालिकामा दाखिलागर्नु पर्नेछ। कुनै कारणबस धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोल परिवारका कानुन बमोजिम

उमेर पुगेका कुनै सदस्यले वा सम्पत्तिधनीको मञ्जुरीनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् ।

ङ) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्तिधनीहरूले संयुक्तरूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछन् ।

च) एकीकृत सम्पत्ति करका लागि करदाताले गाउँपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणको आधारमा गाउँपालिकाले सम्पत्तिको मूल्यांकन गर्नेछ ।

छ) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनःमूल्यांकन गरी जरिबाना सहितको कर रकम असुलउपर गरिनेछ । यस्तो जरिबाना लुकाएको सम्पत्तिमा नियमानुसार लाग्ने रकमको प्रतिवर्ष ५० प्रतिशतले हुनआउने रकम बराबर हुनेछ ।

ज) सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्वन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झुट्टा विवरण दाखिला गरेको मानिने छ ।

विवरण दाखिला गर्नेको दस्तखतः

अनुसूची - ५

(दफा १० को उपदफा (४) सँग सम्वन्धित)

चिचिला गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा ।

**जग्गा तथा संरचनाको दाखिला खारेजी टिपोट**

जग्गा दिनेको नामः
ठेगानाः
जग्गा दिनेको करदाता संकेत नं.:

जग्गा लिनेको नामः
ठेगानाः
जग्गा लिनेको करदाता संकेत नं.:

जग्गा तथा संरचनाको विवरणः

| क्र.स. | जग्गा दिनेको नाम | जग्गा लिनेको नाम | थपघट भएको विवरण | | | जग्गाको विवरण | | | | | संरचनाको | | जग्गा दिनेको स्रेस्तामा घर जग्गा तथा संरचना | जग्गा दिनेको घट्ने मूल्याङ्कन रकम | जग्गा लिनेको श्रेस्तामा थप जग्गा तथा संरचना | जग्गा लिनेको थप मूल्याङ्कन रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जग्गा धनी संकेत नं. | रजिष्ट्रेशन नं. | मिति | वडा नं. | जग्गा रहेको क्षेत्र | साविक कि.नं. | हालको कि.नं. | क्षेत्रफल | प्रकार | किसिम | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

संलग्न कागजातहरुः

तयार गर्नेको सही

प्रमाणित गर्नेको सही



चिचिला गाउँपालिका

(दफा १२ को उपदफा (३) (क) सँग सम्बन्धित)

## जग्गाको न्यूनतम मूल्याङ्कन हद

वडा नं.

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रति रोपनी रु. |
|---|---|---|
| क) व्यापारिक क्षेत्र | छयाङकुटी, गोगने र देउराली कोशी राजमार्ग देखि १०० मिटर दायाँबायाँ आसपास क्षेत्र | ४ लाख |
| | चिचिलाबजार कोशी राजमार्ग २०० मिटर दायाँबायाँ आसपास क्षेत्र | ५ लाख |
| | कुवापानी, संक्रान्ते र कप्नाने कोशी राजमार्ग १०० मिटर दायाँबायाँ आसपास क्षेत्र | २ लाख ५० हजार |
| | देउराली, बर्खेगाउँ समूह भवन आसपास, ढाँडगाउँ चिलाउने चौतारा ५० मिटर दायाँबायाँ आसपास क्षेत्र | १ लाख ३० हजार |
| | इम्चोङ वडा कार्यालय आसपास हुँदै देउराली आ.वि. आसपास, गैरीआङला समुह भवन आसपास, तम्बे अरुण किनार आसपास, याफुडाँडा हुँदै गुरुङगाउँ, केत्रागाउँ क्षेत्र, नामा क्षेत्र, खेउटार क्षेत्र, प्रभात मा.वि. गुफाडाँडा क्षेत्र १०० मिटर दायाँबायाँ आसपास क्षेत्र | १ लाख ५० हजार |
| | अरुण प्रवेश सडक मार्ग आसपास १५० मिटर दायाँबायाँ क्षेत्र (छयाङकुटी - आहाले - लप्से - कागुवाखोला - बेंशी हुँदै पुखुवासम्म) | ५ लाख |
| | अरुण तेस्रो जलविद्युत योजना अन्तर्गत विद्युत प्रसारण लाईन अन्तर्गत पर्ने क्षेत्रहरु | ५ लाख |
| | डाँडागाउँ विद्यालय र स्वास्थ्य चौकी आसपास, तीनघरे वडा कार्यालय ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र | १ लाख ५० हजार |
| | मत्स्यपोखरी देखि पधेरेगाउँ आसपास, हेल्थपोष्टडाँडा क्षेत्र, बलौटे सरस्वती मा.वि. ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र | २ लाख |
| | देविटार धर्मदेवी आसपास, पाखागाउँ वडा कार्यालय ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र | १ लाख ५० हजार |
| ख) आवासीय क्षेत्र | वर्खे, आरुबोटे, डेवाबजार, चनौटे, लोक्ताम, पोखरीगाउँ, ढाँडगाउँ, ठोट्ने, सिङ्गेडाँडा, कार्कीगाउँ, नयावस्ती, सोभाङ्मा, सौरे ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र | ५० हजार |
| | आहाले, ओखरे, लप्से, बखुवा, इम्चोङ, नेचाली गाउँ, गुरुङगाउँ, नौलेगाउँ, केत्रागाउँ, पाप्ला, सोवक, थरिगाउँ, साम्पाङगाउँ, गैरीआङ्ला, भेडिखर्क, बाघबिसौना, डाँडा, बर्देउ, नामा, खेउटार, तम्बे, गैरी, ज्यामिरे ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र (चिचिला २) | १ लाख ५० हजार |
| | डाडाँगाउँ, खर्सु, तीनघरे, फाकादाम, माङटाङ्खा, सिरुबारी, सातघरे, बास्थला, गैरीगाउँ, बाँझेनी, ढोलबाजे, मलबासे ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र (चिचिला ३) | १ लाख |

| | | |
|---|---|---|
| | मत्स्यगाउँ, खालिङगाउँ, भिङ्गुमा, डाँडागाउँ, खार्मिले, कागते, धजे, बलौटे, कुवापानी, हुरुरु, संक्रान्ते, देउराली ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र (चिचिला ४) | ५० हजार |
| | देविटार, याक्सागाउँ, गौरुङगाउँ, गैरीगाउँ, रुप्लुङ, मुलगाउँ, थेवे, वंशिनाम, सुनारगाउँ, पन्थखर्क, बाक्सिदा, माङमाया, ईभा ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र (चिचिला ५) | ५० हजार |
| **ग) कृषि क्षेत्र** | बेंशी, डबली, छेवापार, दलजिती, तेलुवा, माडी (चिचिला १) | १ लाख |
| | आहाले खेत, लप्से खेत, बखुवा खेत, माडी, डेवाखेत, पाखागाउँ खेत, कुवियाखेत, मुचुङ्गे, गुरुङ खेत,ज्याबिरनी, बुढौली, फेसाखा, चुच्चेढुङ्गा, देउराली, धामीडाँडा, सिमखेत, चावाखेत, गैरीखेत, डाँडाखेत, सितले, भेडिखर्क, हिकेडाँडा, सिदाकताल, तम्बेबेंशी, ज्यामिरे, भालु बिसौना, अरुण थान डाँडा, गुरुङ थान डाँडा, ठुलो खेत, बाग विसौना खेत, हाँडि खोला, महाभिर खेत, टिम्वुरे खेत, ठुलो पाप्ला खेत, (चिचिला २) | १ लाख |
| | बेंशी, कमिरे, बतासे, काङलुवा, चेरा, फाकादाम बेंशी, लेलुमा, सखुवा, सिभले, तमुवा, कटहरे, मैदाने, कगुवा बगर, यागाङ्मा, कोइराले (चिचिला ३) | ७५ हजार |
| | गैरीबारी, मझुवाबारी, फेन्जुकबुक, हलहले, कालठुटा, सानोसौरा, सिस्ने, सिम्ले, खानीगाउँ, बेंशी, सिरिषे, भिरगाउँ, जलजला, डाँडाबारी, डाँडागाउँ, तीनपोखरी, मानेडाँडा, पानीशीर, पानिमकै, सातबहिनी, नेवारखेत, बलौटे, सिमलधारा, कारसिंह गैह्रा, मलबासे, खर्कुण्डे, सिमखर्क, छाँगे (चिचिला ४) | ५० हजार |
| | भ्यागुते, चिचिङधा, गुङगुलिया, रिट्नवा, कैचले, तुलसे, फोक्सुवा, मार्से, ढाँडे, खाडकुरे, गैरीखेत, ठूलाखेत, बान्द्रेखेत, ताकमारे खेत, रिठ्ठाबोटे खेत, ओइराङ्गे, सिङखोला, दिम्रेनी, माङमाया टार खेत, काफ्ले खेत (चिचिला ५) | ५० हजार |
| **घ) वन तथा वगर क्षेत्र** | सबै सामुदायिक वनहरु | |
| | महाभिर , तारे भिर, कन्य भिर, पिप्लि भिर,जोरखोला बगर, हाडीखोला भिर, जोरखोला भिर, पाप्ला ओडार, सिदाक्ताल भिर, भेडि खर्क भिर, (चिचिला २) | |
| | सिँगाने, च्यान डाँडा, | |
| **ङ) सडक क्षेत्र** | चिचिला चक्रपथ सडक आसपास ५० मिटर दायाँबायाँ क्षेत्र | २ लाख ५० हजार |
| | मध्यम स्तरका सडक आसपास ३० मिटर दायाँबायाँ क्षेत्र | १ लाख ५० हजार |
| | कृषि सडक आसपास २० मिटर दायाँबायाँ क्षेत्र | ७५ हजार |

# अनुसूची – ७

## (दफा १२ को उपदफा (३) (ख) सँग सम्बन्धित)

## संरचनाको मूल्यांकन दर

| | क्षेत्र | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो – आर.सि.सि. छाना | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो – आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो – जस्ता/टायलको छाना | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो – जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | ५ | ३ | ४ | २ | २.७५ | १.५ | १.५ | १ | १ | ०.५ |
| ख | आवासीय क्षेत्र | ४ | २.५ | ३ | १.५ | २.२५ | १ | १ | ०.७५ | ०.७५ | ०.३ |
| ग | कृषि क्षेत्र | ३ | २.२५ | २ | १.२५ | २ | १ | १ | ०.५ | ०.५ | ०.२ |
| घ | बन तथा वगर क्षेत्र | २ | २ | १ | १ | १.७५ | ०.५ | ०.५ | ०.२५ | ०.२५ | ०.१ |

अनुसूची - ८

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

चिचिला गाउँ कार्यपालिकाको कार्यालय, चिचिला, संखुवासभा

## एकीकृत सम्पत्तिको मूल्याङ्कन फाराम

करदाता संकेत नम्बरः

कर निर्धारण गरेको आ.व.**:**

जग्गा र घर धनीको नामः

ठेगानाः

टोल र वस्ती र घर नं.**:**

| जग्गाको विवरण | | | | | | जग्गाको कायम मूल्य | भौतिक संरचनाको विवरण | | | | | | | | | | भौतिक संरचनाको कायम मूल्य | सम्पत्तिको कर लाग्ने कुल मूल्य (जग्गा संरचना) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साविकको गाविस र वडा | हालको वडा र टोल | कि. नं. | क्षेत्रफल | जग्गा रहेको क्षेत्र | एकाई मूल्य प्रति .. | | प्रकार | तल्ला | बनोटको किसिम | प्रयोग | क्षेत्रफल | एकाई मूल्य | शुरुको मूल्यांकन | पुरा भएको बर्ष | ह्रस कट्टी प्रतिशत | ह्रस कट्टी हुने रकम | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

कर योग्य एकीकृत सम्पत्तिको मूल्य रु. ..........

वार्षिक एकीकृत सम्पत्ति कर जम्मा रु. ......

अक्षरुपीः

मूल्याङ्कन मितिः

मूल्याङ्कनकर्ताः

# अनुसूची– ९
## (दफा १३ को उपदफा (५) सँग सम्बन्धित)
## संरचनाको ह्रास कट्टी दर

| संरचनाको किसिम संरचनाको आयु | आरसिसि फ्रेम स्ट्रक्चर | सिमेन्ट जोडाइमा इटाँ वा ढुङ्गाको गारो आरसिसि छाना | माटोको जोडाईमा इटाँ वा ढुङ्गाको गारो आरसिसि वा सिमेन्ट जोडाइमा इटाँ वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | माटोको जोडाइमा इटाँ वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १-३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३-६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६-९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९-१२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२-१५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५-१८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८-२१ वर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१-२४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४-२७ वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७-३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०-३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३-३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६-४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०-४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३-४६ वरष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ वर्षभन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

अनुसूची( १०
**(**दफा १६ को उपदफा (१) सँग सम्बन्धित**)**

## चिचिला गाउँ कार्यपालिकाको कार्यालय
## चिचिला**,** संखुवासभा

### एकीकृत सम्पत्ति कर बिजक

बिजक नं. **:** आ.व. **:**
जग्गारघरघनीको नामः करदाता संकेत नं. **:**
ठेगानाः बिजक बनेको मितिः
टोल र बस्ती घर नं.**:** खातापाना नं.**:**

| जग्गाको विवरण | | | | | | जग्गाको कायम मूल्य | भौतिक संरचनाको विवरण | | | | | | | भौतिक संरचनाको कायम मूल्य | सम्पत्तिको मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साविक गा.वि.स./वडा | हाल वडा | कि.नं. | क्षेत्रफल (प्रति) | क्षेत्र | इकाइ मूल्य (प्रति) | | प्रकार | तला | किसिम | प्रयोग | क्षेत्रफल (वर्गफिट) | सुरुको मूल्याङ्कन | ह्रास कट्टी | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| एकीकृत सम्पत्तिको जम्मा मूल्य रु. | | | | | | | | | | | | | | | |
| एकीकृत सम्पत्ति कर | | | | | | | | | | | | | | | |
| अन्य शुल्क (.........) | | | | | | | | | | | | | | | |
| कुल जम्मा रु | | | | | | | | | | | | | | | |

आ.व. ...................का लागि तपाईंको सम्पत्तिमा उपरोक्त बमोजिम कर तथा शुल्कहरू निर्धारण भएको हुँदा समयभित्रै कर भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ। कर निर्धारण सम्बन्धी कुनै कुरामा चित्त नबुझेमा ३५ दिनभित्र अध्यक्ष समक्ष निवेदन गर्न सकिने व्यहोरा समेत अनुरोध गरिन्छ।

बिल तयार गर्नेः स्वीकृत गर्ने

अनुसूची– ११

(दफा १६ को उपदफा (६) संग सम्बन्धित)

## गाउँलिकाको निर्णय उपर चित्त नबुझेमा करदाताले दिने निबेदन

श्रीमान् अध्यक्षज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
चिचिला, संखुवासभा।

**विषयः– आवश्यक कारबाही गरिपाऊ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाबाट मिति ........................... मा जारी गरिएको एकीकृत सम्पति करको लागि निर्धारित मूल्यमा निम्न कुरामा मेरो चित्त नबुझेको हुँदा म्यादभित्रै देहाय बमोजिमका कागजातहरू संलग्न राखी आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु।

**चित्त नबुझेका कुराहरूः**

...............................................................

.........................................................

.............................................................

**संलग्न कागजातहरूः**

**निवेदक**

नाम थरः–
ठेगानाः–
दस्तखतः–

**मितिः**

चिचिला गाउँपालिका

# अनुसूची - १२

(दफा १७को उपदफा (२) सँग सम्बन्धित)

चिचिला गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, संखुवासभा

## एकीकृत सम्पत्ति करको नगदी रसिद

जग्गाधनी संकेत नं.: रसिद नं. :

कर बुझाएको आ.ब.: जग्गा र घर घनीको नामः

बुझेको मितिः ठेगानाः

करदाता संकेत नं.: टोल र बस्ती र घर नं. :

खातापाना नं.:

| जग्गाको विवरण | | | | | जग्गाको कायममूल्य | भौतिक संरचनाको विवरण | | | | | संरचनाको कायम मूल्य | सम्पत्तिको मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साविक गाविस र वडा | हाल वडा | कि.नं. | क्षेत्रफल (.... मा) | जग्गा रहेको क्षेत्र | | प्रकार | तला | किसिम | प्रयोग | क्षेत्रफल (वर्ग फिटमा) | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| एकीकृत सम्पत्तिको जम्मा मूल्य रु. | | | | | | | | | | | | | |

| | |
|---|---|
| एकीकृत सम्पत्ति कर | |
| अन्यशुल्क | |
| बक्यौता (आ.व. ........ देखि ......... सम्म) | |
| जरिवाना | |
| छुट | |
| कुलजम्मा रु. | |

अक्षरुपी रु.

रकम बुझिलिनेको सहीः

अनुसूची - १३

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

## एकीकृत सम्पत्ति कर असुलीको दैनिक विवरण फाराम

महिनाः                                                                                                      गतेः

| रसिद नं. | करदाताको नाम | असुली रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

उपरोक्त बमोजिमको जम्मा रकम अक्षरूपी रु                को                बैंकको बैंक बैंक भौचर रनगद बरबुझारथ गरी लियौं/दियौं।

दस्तखत                                                                                                      दस्तखतः

रकम बुझाउनेको नामः                                                                                          रकम बुझिलिनेको नामः

पदः                                                                                                            पदः

मितिः ....../...../.....

अनुसूची – १४

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

**म्यादभित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर**

| सम्पत्तिको मूल्यांकन रकम | चालू आ.व.भित्रै म्याद नाघेमा | एक आ.व. म्याद नाघेमा | म्याद नाघेको एक आ.व.पछि तेस्रो आ.व.सम्म | म्याद नाघेको तेस्रो आ.व.पछि पाँचौं आ.व.सम्म |
|---|---|---|---|---|
| ५० लाख सम्म | १% | १.५% | २% | २.५% |
| ५० लाख देखि १ करोड | १% | १.५% | २% | २.५% |
| १ करोड देखि २ करोड | १% | १.५% | २% | २.५% |
| २ करोड भन्दा माथि | १% | १.५% | २% | २.५% |

पुनश्चः करदाताले तिर्नुपर्ने रकमलाई १००% मानिनेछ।

चिच्चिला गाउँपालिका